सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु

*मिति २०७७/१/१५ गते*

गण्डकी प्रदेशको मुख्य मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङज्यूले संघीय मन्त्रालयबाट अस्पताल सुदृढिकरणको लागी प्राप्त विशेष अनुदान रु. ३३ करोड रकम खर्चमा प्रभावकारिता ल्याउन निर्देशन दिनुभयो। उक्त कार्यक्रममा माननीय मुख्यमत्री पृथ्वी सुब्बा गुरुङज्यू, सामजिक विकास मन्त्री माननीय नरदेवी पुन मगरज्यू, प्रमुख सचिवज्यू, सामाजिक विकास सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु लगायत उपस्थित हुनुहुन्थ्यो। छलफल कार्यक्रममा गण्डकी प्रदेशका विभिन्न जिल्लाहरुमा ICCU सेवा विस्तार गर्नका लागि सामग्री र जनशक्ति व्यवस्थापनका लागि अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई अघि बढ्ने विषयमा समेत छलफल भएको थियो।

स्वास्थ्य सेवा विभाग अन्तर्गत IHMIS शाखाका प्रमुख बद्रिनाथ ज्ञवालीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले DHIS 2 को online reporting system मा Covid-19 संग सम्बन्धित तथ्यांकहरु, स्थानीय तह तथा स्वास्थ्य संस्थाबाट Data Entry APP (HMIS Service Utilization Reporting) को बारेमा स्वास्थ्य निर्देशनालयमा जानकारी गराउनु भयो। साथै सो सम्बन्धी जानकारी ११ वटै स्वास्थ्य कार्यालयमा ईमेल मार्फत गराइयो ।



स्वास्थ्य कार्यालय, गोरखामा कोरोना भाइरस COVID-19 सम्बन्धी वर्तमान अवस्थाको बारेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट आउनु भएका उपचारात्मक सेवा महाशाखाका प्रमुख डा. तारा पोख्रेलज्यू , उहाँको टिम र स्वास्थ्य कार्यालय परिवारले हालसम्म गरेको कार्यप्रगतिको समीक्षा गरेको छ।




६ वटा प्रदेश सभा सचिवालय (प्रदेश नं १, बाग्मती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेश) का श्रीमान् सचिवज्यूहरुको सहभागितामा प्रदेश सभा तथा सचिवालयको संगठनात्मक स्वरुप, स्थापना कालदेखि हालसम्मका प्रमुख उपलब्धिहरु, साझा हितका विषय तथा वर्तमान कोभिड १९ को सम्बन्धमा प्रदेश सभाले खेल्नु पर्ने भूमिकाका विषयमा Video Conference (VC) मार्फत छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।